नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२ चलानी नं.:- 230

मितिः-२०८१/०९/२८

नेपाल संवत्: ११४५

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

विषयः- १० औं राष्ट्रिय योग दिवस २०८१ मनाउने सम्बन्धमा।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं ०९, मिति २०८१/०९/२४ को १० औं राष्ट्रिय योग दिवस २०८१ मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०८१/८२
चलानी नं.:- ०९

मिति : २०८१।०९।२४

विषय : १० औं राष्ट्रिय योग दिवस २०८१ मनाउने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार काठमाडौ ।

सङ्घीय मामिला तथा सामान्य ...
दर्ता नं.:- २८३४
दर्ता मितिः- २०८१/०९/२५

वि.सं. २०७२ देखि हरेक वर्ष माघ १ गतेलाई राष्ट्रिय योग दिवसको रुपमा मनाइँदै आइएको व्यहोरा विदितै छ । १० औं राष्ट्रिय योग दिवस २०८१ (२०८१ माघ १ गते) लाई सार्थक र योगको मर्मअनुरुप मनाउने सन्दर्भमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय योग दिवस २०८१, मूल समारोह समितिको मिति २०८१।०९।२२ को बैठकबाट **"स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग"** भन्ने आदर्श वाक्यका साथ राष्ट्रिय योग दिवस मनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरुमा पत्राचार गरी स्थानीय तहमा राष्ट्रिय योग दिवस मनाउने निर्णय भए वमोजिम निर्णयको प्रति यसैसाथ संलग्न गरी ७५३ ओटै स्थानीय तहहरुमा पत्राचार एवम् समन्वयका लागि निर्णयानुसार अनुरोध छ ।

गोविन्दप्रसाद अर्याल

उपसचिव

सादर अवगतार्थः

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ

श्रीमान् सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौ

फोन नं.:
वेबसाइटः www.moest.gov.np

## दशौं राष्ट्रिय योग दिवस २०८१
## मूल समारोह समितिको बैठक

मितिः २०८१ पौष २२ गते सोमवार

स्थानः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सभा हल

समयः विहान ०९.०० बजे

अध्यक्षताः माननीय मन्त्री श्री विद्या भट्टराईज्यू

बैठकका एजेण्डा

१) राष्ट्रिय योग दिवस मनाउने सन्दर्भमा राष्ट्रिय स्तरमा नारा तय गर्ने सम्वन्धमा

२) राष्ट्रिय योग दिवस मनाउन प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने सम्वन्धमा

३) राष्ट्रिय योग दिवस कुटनीतिक नियोगहरुमा मनाउने सम्वन्धमा

४) राष्ट्रिय योग दिवस जिल्लास्तरमा मनाउने सम्वन्धमा

५) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले म नाउने कार्यक्रमको समन्वय सम्वन्धमा

६) मूल समारोहको कार्यक्रम आयोजना गर्ने सम्वन्धमा

७) अन्य

निर्णयहरु :

१) राष्ट्रिय योग दिवस २०८१ लाई प्रभावकारी रूपमा मनाउने सन्दर्भमा आदर्श बाक्यका विषयमा छलफल गरियो । दशौ राष्ट्रिय योग दिवसको आदर्श नारा तय गर्ने सम्वन्धमा सामाजिक सञ्जालवाट प्राप्त राय सुझाव तथा समितको बैठकवाट प्राप्त परामर्श समेतलाई विचार गरी "स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग" तय गर्ने।

२) प्रदेश तहमा राष्ट्रिय योग दिवस२०८१ मनाउने सम्बन्धमा सबै प्रदेश सरकारहरूलाई पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

३) स्थानीय तहमा राष्ट्रिय योग दिवस २०८१मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई पत्राचार गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

४) विश्वव्यापी रुपमा राष्ट्रिय योग दिवस २०८१ मनाउने सम्वन्धमा सबै कुटनीतिक नियोगहरुमा पत्राचार गर्न परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने ।

५) राष्ट्रिय योग दिवस जिल्ला स्तरमा मनाउने सन्दर्भमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७२।०२।२६ को निर्णय अनुसार नै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सदस्यहरू प्रमुख जिल्ला अधिकारीले नै तोक्नेगरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने व्यवस्था भएकोले जिल्ला तहमा सोही बमोजिम हुनेगरी योग दिवस मनाउन सबै जिल्ला प्रशासन कार्यालयहरुमा लेखी पठाउन गृह मन्त्रालयमा अनुरोध गर्ने र आवश्यक कार्यार्थ सो को जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत् सबै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई लेखी पठाउने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

६) विसं २०८१ माघ १ गते आयोजना गरिने मूल समारोहको कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउन एवम् यससम्वन्धी काममा अन्य निकाय र संस्थाहरूसँग समन्वय र निर्देशन सचिवज्यूको अध्यक्षतामा एक मूल समारोह उपसमितिको गठन गर्ने।

७) मूल समारोहको कार्यक्रममा प्रमुख आतिथ्यताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने। र विशिष्ट अतिथिका लागि माननीय स्वास्थ्य मन्त्रीज्यू र माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूलाई अनुरोध गर्ने ।

८) राष्ट्रिय योग दिवसका अवसरमा शुभकामना मन्तव्यको लागि सम्माननीय राष्ट्रपतिज्यूलाई अनुरोध गर्ने ।

९) योगलाई मानवीय जीवन पद्धतीका रुपमा अङ्गिकार गरी नियमित योगमा अभ्यस्त गराउन सबै जनमानसमा योगका विषयमा अभ्यासमूलक सचेतना जागरणका लागि सबै सरकारी गैरसरकारी योग सम्बद्ध संघसंस्थाहरु क्रियाशील रहने साथै मूल समारोहको कार्यक्रममा आआफ्नो संघसंस्थाबाट अधिकतम सहभागी गराउने ।

१०) राष्ट्रिय योग दिवसको योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले सप्ताहव्यापी आ आफ्नो अनुकूल हुने गरी राष्ट्रिय योग दिवस मनाउने र यस सम्वन्धी जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा गराउने ।

११) राष्ट्रिय योग दिवसलाई आ आफ्नो कार्य क्षेत्रमा आ आफ्नो अनुकुल हुनेगरी मनाउन र त्यसरी मनाइएका कार्यक्रमहरूवारे जानकारी गराउन एवम् केन्द्र तथा जिल्ला तहमा हुने मूल कार्यक्रमहरूमा सहभागी गराइदिन राष्ट्रिय यूवा परिषद्, राष्ट्रिय खेलकूद परिषद र नेपाल स्काउटलाई पत्राचार गर्न युवा तथा खेलकूद मन्त्रालयमा, आयुर्वेद कार्यालयहरूलाई पत्राचार गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा, सबै उच्च शिक्षा प्रदायक संस्थाहरूलाई पत्राचार गर्न विश्वविद्यालय अनुदान आयोगमा, सबै प्राविधिक शिक्षालयहरूलाई पत्राचार गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदमा लेखी पठाउने र शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत् सबै विद्यालयहरूलाई लेखी पठाउने ।

१२) सप्ताहव्यापी योग दिवसका कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रचार प्रसार गरिदिन र आफ्ना सञ्चार माध्यमवाट सो अवधिमा हुने वहस तथा छलफलमा योगका विषयवस्तुहरू समावेश गर्ने सम्बन्धमा सञ्चार माध्यमहरूलाई पत्राचार गरिदिन रासस र नेपाल पत्रकार महासंघलाई अनुरोध गर्ने ।

१३) राष्ट्रिय योग दिवस २०८१ मनाउने सम्बन्धमा २०८१ माघ १ गते आयोजना हुने मूल समारोहको कार्यक्रम सञ्चालनको प्रबन्ध शिक्षा तथा मानव स्रोत विकास केन्द्रले मिलाउने ।

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि